# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

**करार सेवामा प्राविधिक सहायक पदको परीक्षा कार्यक्रम तोकिएको सूचना**

यस विभागको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार करार सेवामा प्राविधिक सहायक भर्नाका लागि मिति २०८२/१२/०१ का दिन प्रकाशित सूचना अनुसार देहाय बमोजिमका विज्ञापनको सबै उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम र परीक्षा केन्द्र देहाय अनुसार हुने गरी तोकिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | सेवा, समूह र पद | लिखित परिक्षा मिति र समय | परिक्षा केन्द्र |
|---|---|---|---|---|
| १ | १०१/०८२-८३ (खुला) | नेपाल कृषि, खा. पो. तथा गु. नि., प्राविधिक सहायक | २०८३/०१/०९ गते बुधबार, विहान ९:०० बजे | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको भवन, बबरमहल |
| २ | १०२/०८२-८३ (महिला) | | | |
| ३ | १०३/०८२-८३ (आ. ज.) | | | |
| ४ | १०४/०८२-८३ (मधेशी) | | | |
| ५ | १०५/०८२-८३ (दलित) | | | |
| ६ | १०६/०८२-८३ (अपाङ्ग) | | | |

**द्रष्टव्यः**

**प्रवेशपत्र वितरण २०८३/०१/०२ देखि विभागबाट हुनेछ।**

(१) उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नु पर्नेछ,

(२) प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा आधा घण्टा अगावै परीक्षा हलमा प्रवेश गर्नुपर्नेछ,

(३) परीक्षा हलमा किताव, कापी, कागज, चिट, मोबाइल फोन, विद्युतीय घडी वा अन्य विद्युतीय उपकरण आदी ल्याउन निषेध गरिएको छ र उम्मेदवारले एक आपसमा कुराकानी र संकेत समेत गर्नु हुदैन,

(४) परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि विभागको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन,

(५) परीक्षा केन्द्रमा आउँदा आफ्नो प्रवेशपत्र सहित नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा आफ्नो तस्विर भएको सरकारी निकायबाट जारी भएको अन्य कुनै प्रमाणपत्र समेत अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ,

(६) वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ,

(७) परीक्षा शुरु भएको १५ मिनेट भन्दा पछि परीक्षा हलमा प्रवेश गर्न पाइने छैन साथै परीक्षा समाप्त हुने समय भन्दा ३० मिनेट अगाडी सम्म परिक्षा हलबाट निस्कन पाइने छैन,

(८) परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरित कुनै काम गरेको पाईएमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्कासन गरी तुरुन्त कानून बमोजिम कारवाही गर्नेछ र त्यसरी निष्कासन गरेको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ,

(९) विरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही असुविधा भएमा विभाग जवाफदेही हुने छैन,

(१०) उम्मेदवारले परीक्षा दिएको दिनमा अनिवार्य हाजिर गर्नुपर्नेछ,

(११) लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।

पद्मकृष्ण कार्ले
सदस्य सचिव
परीक्षा संचालन तथा समन्वय समिति

मितिः २०८२/१२/१७